# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, साउन ४ गते, २०७३ साल (संख्या १७

## भाग ३

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालयको सूचना

<u>राष्ट्रिय युवा परिषद् नियमावली, २०७३</u>

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "राष्ट्रिय युवा परिषद् नियमावली, २०७३" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ सम्झनु पर्छ ।

(ख) "विनियम" भन्नाले ऐनको दफा ३२ बमोजिम परिषद्ले बनाएको विनियम सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>परिषद् तथा समितिको काम, कर्तव्य र अधिकार</u>

३. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : ऐनको दफा ६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्सँग आवद्ध हुन चाहने सङ्घ वा संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त र प्रक्रिया स्वीकृत गर्ने,

(ख) युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) दुर्व्यसनमा लागेका युवालाई पुनःस्थापना गर्न तत्सम्बन्धी सङ्घ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : ऐनको दफा १० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले सञ्चालन गर्नु पर्ने कार्यक्रम तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सशक्तीकरणका लागि सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) युवाको नेतृत्व विकास, वैयक्तिक र सामाजिक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ङ) युवाको मनोवृत्तिमा सकारात्मक परिवर्तन गर्ने युवा जागरण तथा सचेतना अभियान सञ्चालन गर्ने, गराउने,

(च) युवाको मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गराउन आवश्यक युवा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा रचनात्मक कार्य गरी ख्याति प्राप्त युवा तथा युवाको विकास र समाज सेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने सङ्घ वा संस्थालाई सम्मान गर्ने,

(ज) युवालाई हिंसा, दुर्व्यसन र कुलतमा लाग्न नदिनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(झ) युवामा उद्यमशीलताको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) युवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने सरकारी तथा गैर सरकारी सङ्घ वा संस्थासँग आवश्यक समन्वय गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जिल्ला युवा समितिको बैठक सम्बन्धी कार्यविधि : (१) जिल्ला युवा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) जिल्ला युवा समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला युवा समितिको बैठक हुनु भन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिका सदस्य-सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) जिल्ला युवा समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा जिल्ला युवा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) जिल्ला युवा समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) जिल्ला युवा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) जिल्ला युवा समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) जिल्ला युवा समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) जिल्ला युवा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## युवा सम्बन्धी सङ्घ वा संस्थाको आवद्धता सम्बन्धी व्यवस्था

६. युवा सम्बन्धी सङ्घ वा संस्थाको आवद्धता तथा नवीकरण सम्बन्धी व्यवस्था : (१) ऐनको दफा १३ बमोजिम परिषद्मा आवद्ध

२१७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन चाहने सङ्घ वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदक सङ्घ वा संस्थालाई परिषद्मा आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा तीन हजार रूपैयाँ दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा आवद्धताको प्रमाणपत्र दिनेछ ।

(३) परिषद्सँग आवद्ध भएका सङ्घ वा संस्थाले आफ्नो आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदन साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) सङ्घ वा संस्थाको नवीकरण बहाल रहने अवधि पुष्टि गर्ने प्रमाणको प्रतिलिपि,

(ख) सङ्घ वा संस्थाको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(ग) परिषद्ले तोकेको अन्य कागजात ।

(५) उपदफा (३) बमोजिम आवद्धता नवीकरण गराउनको लागि दिएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा तीन हजार रूपैयाँ नवीकरण दस्तुर लिई युवा सम्बन्धी सङ्घ वा संस्थाको आवद्धता नवीकरण गरिदिनेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण गराउन नसकेको सङ्घ वा संस्थाले त्यसको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिएमा र त्यसरी दिएको निवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा परिषद्ले उपनियम (५) बमोजिम लाग्ने नवीकरण दस्तुर र त्यस्तो दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो सङ्घ वा संस्थाको आवद्धता नवीकरण गरिदिनु पर्नेछ ।



218

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आवद्धता रद्द हुने : (१) देहायको अवस्थामा परिषद्मा आवद्ध भएका सङ्घ वा संस्थाको आवद्धता स्वत: रद्द भएको मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम सङ्घ वा संस्थाको विघटन भएमा, वा

(ख) नियम ६ बमोजिम आवद्धता नवीकरण नगराएमा ।

(२) देहायको अवस्थामा परिषद्ले आफूसँग आवद्ध भएका सङ्घ वा संस्थाको आवद्धता रद्द गर्न सक्नेछ :-

(क) वार्षिक लेखापरीक्षण नगराएमा,

(ख) सङ्घ वा संस्थाको विधानमा संशोधन भई युवाको क्षेत्रमा कार्य क्षेत्र नरहने भएमा,

(ग) सङ्घ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) आफ्नो उद्देश्य अनुरुप कामकारबाही गरेको नपाइएमा,

(ङ) परिषद्को हीत विपरीतको कुनै कार्य गरेमा वा परिषद्लाई हानी, नोक्सानी पुऱ्याएमा,

(च) परिषद्ले आवद्धता दिँदाको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालन नगरेमा ।

(३) उपनियम (२) बमोजिम आवद्धता रद्द गर्नु अघि परिषद्ले सम्बन्धित सङ्घ वा संस्थालाई आवद्धता रद्द गर्नु नपर्ने कुनै आधार र कारण भए त्यस्तो आधार र कारण पेश गर्न मनासिब समय दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइएको समय भित्र आधार र कारण पेश नगरेमा वा पेश गरेका आधार र कारण सन्तोषजनक नभएमा त्यस्तो सङ्घ वा संस्थाको आवद्धता उपनियम (२) बमोजिम रद्द गरिनेछ ।

219



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।